# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE

REACHING NATIONS

India's National Spiritual Newspaper

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ

16 Languages

Associate Editors : Bro. BHUVAN DEVKODA
Bro. RAJ KUMAR BHANDARI

Vol. XXIV YEAR OF OUR LORD JESUS CHRIST, 2024 OCTOBER No. 10


## पवित्र बाइबल

**कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।**

### परमप्रभुको प्रशंसा

### हितोपदेश १३:१-१०

१. बुद्धिमान छोराले आफ्ना बुबाको अर्तीमा ध्यान दिन्छ तर खिल्ली उडाउनेले हप्की सुन्दैन ।

२. मानिस आफ्ना ओठको फलद्वारा नै असल थोकहरूको भोग गर्दछ। तर बेइमानले हिंसाको लालसा गर्दछ ।

३. आफ्ना ओठको रखवाली गर्नेले आफ्नै जीवन सुरक्षित पार्छ। तर असावधान बोलीले सर्वनाश ल्याउनेछ।

४. अल्छेले लालसा गर्छ र त्यसलाई केही पनि मिल्दैन तर लगनशीलका इच्छाहरू पर्याप्त रूपले पूरा गरिन्छ।

५. धर्मीले झुटलाई घृणा गर्दछ, तर दुष्टले लाज र बेइज्जत ल्याउँछ।

६. इमानदार मानिसलाई धार्मिकताले सुरक्षा गर्छ तर दुष्टताले पापीको संसार गर्छ।

७. कोही मानिस धनी भइटोपल्छ तापनि त्यससँग केही हुँदैन, कोहीचाहिँ कङ्गाली भइटोपल्छ, तापनि त्यससँग प्रशस्तै सम्पत्ति हुन्छ।

८. सम्पत्तिले मानिसको जीवन शत्रुबाट छुटाउन सक्ला तर गरिब मानिसले धम्की सुन्नुपर्दैन।

९. धर्मी मानिसको बत्ती चहकिलो भएर बल्छ तर दुष्टको बत्ती निभाइन्छ।

१०. घमण्डले केवल झगडा पोस्दछ तर सरसल्लाह लिनेहरूमा बुद्धि पाइन्छ।

## हाम्रो विचारले अर्थ राख्दछ: दाऊदबाट प्रकाश

## Our Thoughts Matter: Reflections from David



**सम्माननीय प्रधानसम्पादक, रेभ. एन्जलीन सेल्भाकुमारी**

हाम्रो प्रभु र मुक्तिदाता, येशू ख्रीष्टको अमूल्य नाउँमा सबैलाई अभिवादन !

हाम्रो पत्रिकाबाट हरेक महिना हाम्रो **बोलावटको प्रतिध्वनिका** फैलिएको परिवारका सदस्यहरूसँग जोडिन पाउँदा ममा अत्यन्तै आनन्द ल्याउँछ। तपाईंको जीवनमा परमप्रभुको उद्देश्य पूरा गर्नमा उहाँले हामीलाई निरन्तर डोऱ्याउन र निर्देशित गरून् र उहाँको पुनरागमनको निम्ति हामीलाई तयार पारून् ।

संयुक्त राज्य अमेरिकाका संस्थापक पिताको रूपमा लिइने सम्माननीय बेन्जामिन फ्रान्कलिनले एक पटक भनेका थिए, तपाईं योजना गर्न असफल बन्नुहुन्छ भने तपाईं असफल बन्न योजना गरिरहनुभएको हुन्छ। यी निश्चय नै प्रभावशाली वचन हुन्। योजना हाम्रो जीवनको महत्वपूर्ण पक्ष हो ।

केही व्यक्तिहरू दुवै योजना र कार्यान्वयनमा राम्रा हुन्छन् ।

अन्य मानिसले चाहिँ योजना गर्न सक्छन् तर आफ्ना रणनीतिहरू कार्यान्वयन गर्न संघर्ष गर्न सक्छन् ।

बाँकी पृष्ठ ३ मा


बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल



## यूट्यूब ख्रीष्टियान च्यानल

तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ ।

**५ मिनेटको सन्देश**


**अंग्रेजी र हिन्दी, तामिल र तेलगू**

**हरेक दिन: बिहान २ बजे देखि**

**तामिल आइतवार सेवा: बिहान ८:३० बजे**

*** Please Subscribe and Share ***

**बोलावटको प्रतिध्वनि** सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



REACHING NATIONS

# तपाईंको प्रिय भाइबाट....

> परमप्रभु नै तिमीहरूका निम्ति लड्नुहुनेछ। तिमीहरू केवल स्थिर बस (प्रस्थान १४:१४)।



**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ। यो आवश्यकताको घडी हो।


**HON. EDITOR-IN-CHIEF**
Rev. Angeline S. Kumari, M.A., M.Sc., M.Ed.

**HON. MANAGING EDITOR**
Pastor Alex Samson Sam, B.Th., M.Div.

**GENERAL MANAGER**
Bro. N. Prakasam, M.A., M.Sc.(C&P), PGDHRM, MBA.

**ADMINISTRATION**
Sis. Jesy Veena Sam
Adv. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech. (DM), Ph.D.
Dr. Rabinder Boaz, M.S. (CMC)

**EDITORIAL BOARD**
Dr. Serena Bevin, M.A., M.Phil., B.Ed.
Sis. Sajini Cherian
Rev. Dr. K.R. Rajasekaran



**EDITOR, PUBLISHER & PRINTER**
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 98412 71858 95661 31858

**E.MAIL**
sam@echoofhiscall.org
biblecor@yahoo.co.in

**WEBSITES**
www.echoofhiscall.org
www.stpaulsmatriculation.com

**YOUTUBE CHANNEL**
Echo of His Call


**प्रिय मित्रहरू,**

हाम्रो प्रभु र मुक्तिदाता, येशू ख्रीष्टको अमूल्य नाउँमा हामी तपाईंलाई अभिवादन गर्दछौं! हामी पास्टर एस. साम सेल्भाराजको जीवनी तयार गर्ने प्रक्रियामा छौं र विगत ५५ वर्षदेखि **बोलावटको प्रतिध्वनिको** सेवकाइहरूबाट तपाईं आशिषित हुनुभएको छ र पास्टर एस. साम सेल्भाराज र उहाँको सेवकाइहरूबाट हाम्रो प्रभु येशू ख्रीष्टसँग महत्वपूर्ण जम्काभेट गर्नुभएको छ भने यो जीवनीमा समावेश गर्नको लागि हामीसँग तपाईंका अनुभव बाँड्न तपाईंलाई निम्त्याउँदछौं। परमेश्वरले तपाईंलाई आशिष् देऊन्!

जसै हामी सन् २०२४ को अन्त्यतिर आउँदैछौं, परमेश्वरले हामीप्रति फैलाउनुभएको अवर्णनीय र व्याख्या गर्न नसकिने समयै भएको सहायताको निम्ति हाम्रो कृतज्ञता अभिव्यक्त गर्न हामी तपाईंसँग हातेमालो गर्दछौं। विभिन्न अवसरहरूमा, हाम्रो सेवकाइलाई सहायता गर्न उहाँले तपाईंलाई प्रयोग गर्नुभयो। सोही परमेश्वर, येशू ख्रीष्ट आज तपाईंको निम्ति उपलब्ध हुनुहुन्छ, त्यसकारण, तपाईंले उहाँमाथि विश्वास गर्न सक्नुहुन्छ र तपाईंको आफ्नै जीवनमा आश्चर्यकर्मको निम्ति उहाँमाथि निर्भर हुन सक्नुहुन्छ।

यस अंकद्वारा, तल दिइएका हाम्रा सेवकाइहरूका क्षेत्रहरूका निम्ति तपाईंको जोशिलो प्रार्थनाको हामी आग्रह गर्दछौं:

- हरेक महिना बोलावटको प्रतिध्वनि समाचारपत्रको १६ वटा भाषामा प्रकाशन गर्नमा करिब ७५ जना मानिसहरू संलग्न हुन्छन्। उहाँहरूको जिम्मेवारीमा सन्देश तयार गर्ने, टाइप गर्ने, अनुवाद गर्ने, सम्पादन गर्ने, पाना डिजाइन गर्ने, मेसिनबाट छाप्ने, हातले पट्याउने, लेबलिङ गर्ने र विशेष मितिमा हुलाक कार्यालयबाट समाचार पत्र पठाउने साथै इमेलबाट पठाउने। हालै जसै सेवकाइ वृद्धि भइरहेको छ, शत्रुले रोग, पारिवारिक समस्या र आर्थिक कठिनाइबाट यी दाजुभाइ र दिदीबहिनीहरूलाई दु:ख दिने प्रयास गर्दै लक्षित गरेको छ। कृपया यी सबै ७५ जना सदस्यहरू र उहाँका परिवारहरूलाई आफ्नो प्रार्थनामा सम्झिदिनुहोला।
- जसै समय बितिरहेको छ, कर्मचारीहरूको मनस्थिति, सरकारी नियमहरू र हाम्रा मित्रहरूबाट आउने आर्थिक सहायताको कमीको कारण प्रशासनिक कार्यहरूको चुनौती वृद्धि भएका छन्। वर्तमान दिनका धेरै विश्वासीहरू समृद्धि, गलत सिद्धान्तहरू र आत्मिक संसारका आकर्षणतिर ढल्किएका छन, जसले गर्दा वरमेश्वरका वास्तविक सेवकहरूलाई बेवास्ता गर्नेतिर अग्रसर भइरहेको छ। हामी पनि वास्तवमा यस्तै अवस्थाबाट प्रभावित भएका छौं तर परमप्रभुका सेवकहरू र सेवकाइहरूको वास्ता गर्नमा हाम्रो परमेश्वर विश्वासयोग्य हुनुहुन्छ। कृपया यो परिस्थितिमा परिवर्तनको निम्ति प्रार्थना गरिदिनुहोस्।
- हाम्रा मण्डलीहरू, नहेम्याह बाइबल कलेजहरू, ईश्वरशास्त्रीय पत्राचार कोर्सहरू, बाइबलकोर-बाइबल पत्राचार कोर्सहरू, यूट्यूब सेवकाइ, सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल र छापाखाना प्रभावकारी रूपमा संचालन भइरेका छन्, तापनि यी सम्पूर्ण प्रयासहरूलाई आत्मिक र आर्थिक

- हाम्रा मिसनका क्षेत्रहरू, मण्डलीहरू, छापाखाना, कार्यालयहरू, स्कुलहरू र बाइबल कलेजहरूमा हामीसँग सहकार्य गर्ने समर्पित कर्मचारीहरूको हामीलाई आवश्यकता छ ।
- हाम्रो हिन्दी र तामिल **नहेम्याह बाइबल कलेजहरूका** निम्ति विद्यार्थीहरू भर्ना गर्न हामीले चुनौतिको सामना गरिरहेका छौं । विभिन्न कारणहरूले केही अगुवाहरूले आफ्ना युवाहरूलाई बाइबल कलेजहरू पठाउन अनिच्छा गर्नुभएको छ । तापनि, परमेश्वरले तिनीहरूलाई दिनुभएको बोलावटअनुसार तिनीहरूका सेवकाइलाई निरन्तर गर्न तिनीहरूलाई सक्षम बनाउँदै, तिनीहरूलाई विभिन्न क्षेत्रहरूमा पठाउनुअघि सावधानीपूर्वक शिक्षा दिने, तालिम दिने, खुवाउने र तिनीहरूका आवश्यकता पूरा गर्छौं । हाम्रो तालिमको निम्ति हामीले कुनै शुल्क लिँदैनौं । हामीले तालिम दिने विद्यार्थीहरू अहिले मिसनको क्षेत्रमा ताराझैं चम्किरहेका छन् । कृपया यो अवस्थाको लागि प्रार्थना गरिदिनुहोला ।

यो वर्षको सेप्टेम्बर, अक्टोबर, नोभेम्बर र डिसेम्बरको महिनामा हामीले केही आउटरीच सेवकाइहरूको आयोजना गरेका छौं । यी क्रियाकलापहरूको समयमा सुरक्षाको निम्ति तपाईंको प्रार्थनाको लागि आग्रह गर्दछौं ।

जसै हामी सेवकाइमा मिलेर यात्रा गर्दछौं, हामी तपाईंको सहायतालाई गहन रूपमा स्वीकार गर्दछौं । तपाईंका सबै पत्र र इमेलहरूको जवाफ दिन र मनी अर्डर, बैंक चेक, डिमान्ड ड्राफ्ट, ट्रान्सफर, नेट बैंकिङ र जीपेबाट तपाईंका आर्थिक सहायतामा कृतज्ञताज्ञापन गर्न हामी संघर्षरत छौं । तोकिएको समयभित्र हाम्रो जवाफ, रसिद वा हाम्रो समाचार पत्र **बोलावटको प्रतिध्वनि** प्राप्त गर्नुभएको छैन भने कृपया हामीलाई +91 98410 71858 वा 91 98412 71858 मा सम्पर्क गर्न नहिचकिचाउनुहोला । हामी तपाईंलाई सहायता गर्न यहाँ छौं ।

परमेश्वरले तपाईंलाई प्रशस्त आशिष् देऊन् ।

ख्रीष्ट येशूमा तपाईंका सेवकहरू,
*पा. एलेक्स सामसन साम*
*पा. एस. साम सेल्भाराज*
(+91) 98412 71858 / 98410 71858,
E.mail : sam@echoofhiscall.org

## विनम्र अनुरोध: बोलावटको प्रतिध्वनिका पाठकहरूलाई

हाम्रो ५ मिनेट बोलावटको प्रतिध्वनि यूट्यूब सन्देशहरू (हरेक दिन) तामिल, तेलगु, अंग्रेजी र हिन्दी भाषामा बिहान २ बजेदेखि प्रशारण भइरहेका छन् । सन्देशहरू हेरेर तपाईंले परमेश्वरको अनुग्रह प्राप्त गर्न सक्नुहुन्छ ।
साथै, तपाईंको मोवाइल फोनहरूमा मेरो मोवाइल नम्बरहरू (९१) ९८४१० ७१८५८, (९१) ९८४१२ ७१८५८ (व्यक्तिगत) सेभ गर्नुहोस् ।

**पा. एस. साम सेल्भाराज**

*पृष्ठ १ बाट*

अर्को एउटा समूह पनि छ, जसले योजना गर्दैन, त्यसको साटो बहावसँगै जाने छनोट गरिरहन्छन् ।

म अचम्ममा पर्छु, तपाईं कुन वर्गीकरणमा पर्नुहुन्छ ? हितोपदेश १९:२१ मा बाइबलले हामीलाई सम्झना दिलाउँछ: **मानिसको हृदयमा धेरै योजनाहरू हुन्छन् तर परमप्रभुकै उद्देश्य विजयी रहन्छ ।**

हामीले आफ्नो भविष्यसम्बन्धी धेरै योजनाहरू बनाउन सक्छौं- शिक्षा, विवाह, बालबच्चा, पेशा, र किन्ने सम्पत्तिहरू, केही अन्य नाम । हामीले निरन्तर सोच्ने र रणनीति बनाउँछौं । तापनि, अन्त्यमा परमप्रभुको चाहना र इच्छा पूरा हुन आउँछ । अर्को पद हितोपदेश १६:९ मा बताइएको छ: **मानिसले आफ्नो हृदयमा आफ्नो चाँजो मिलाउँछ तर परमप्रभुले नै त्यसका कदमहरूको निर्धारण गर्नुहुन्छ ।** केजेभी संस्करणमा चाँजो भन्ने शब्द प्रयोग भएको छ, जबकि तालिम बाइबलले यस शब्दलाईमानिसको हृदयले सोच्छ भनेर लेखिएको छ, परमप्रभुले नै हाम्रा मार्ग निर्देशित वा स्थापित गर्नुहुन्छ भनेर जोड दिन्छ ।

सोचाइ परमेश्वरबाट मानिस जातिमाथि दिइएको असामान्य उपहार हो । सोचाइ अत्यन्तै शक्तिशाली हुन्छ, त्यसले हाम्रा कार्य र भावनालाई निर्देशित गर्छ भनेर मनोवैज्ञानिकहरूले पनि निश्चित गर्दछन् । त्यसकारण, बाइबलले हामीलाई आफ्नो मनको सुरक्षा गर्न सल्लाह दिएको छ किनकि हामीले जे कुरालाई भित्र प्रवेश गर्ने अनुमति दिन्छौं, त्यसले हाम्रा विचारलाई बनाउँछ र त्यसको साटोमा हाम्रा विचारले हामीले बोल्ने र हामीले कसरी व्यवहार गर्ने भनेर प्रभाव पार्दछ । त्यसकारण, सोचाइ हाम्रो जीवनको महत्वपूर्ण पक्ष हो ।

एउटा विचारमा हाम्रो जीवनको मार्ग परिवर्तन गर्ने क्षमता राख्दछ । हाम्रो बारेमा परमेश्वरले के सोच्नुहुन्छ भनेर हामीले खोजी गरौं । यर्मिया २९:११ ले बताउँछ, **मसँग तिम्रो निम्ति विचार र योजना छन् ।** परमेश्वरसँग स्पष्ट योजनाहरू छैनन्, उहाँले हाम्रो बारेमा विचार गर्नुहुन्छ, जसले उहाँले हाम्रो बारेमा सक्रिय रूपमा सोच्नुहुन्छ भनेर देखाउँछ ! के तपाईंले कल्पना गर्न सक्नुहुन्छ, सृष्टिकर्ता, जसले संसारका घटनाहरूको योजना गर्नुभयो, मेरो बारेमा अत्यन्तै धेरै ध्यान दिनुहुन्छ ? उहाँले मेरो भविष्य मात्रै विचार गर्नुहुन्न तर मेरो पुस्ताको भविष्यलाई पनि विचार गर्नुहुन्छ । मेरो वास्ता गर्ने र मेरो बारेमा सोच्ने परमेश्वरमा म विश्वास गर्छु भन्ने कुरा जान्नु गहन पुनर्निश्चयता हो ।

बाइबलले हामीलाई बताउँछ कि **मेरा विचार तिमीहरूका विचार होइनन् र तिमीहरूका चाल मेरा चाल होइनन्** (यशैया

५५:८) । यस्तो किन ? किनभने परमेश्वरले हामीलाई पहिचान गर्ने तरिका र हाम्रो बारेमा उहाँले सोच्ने तरिका हामीले देख्ने र हाम्रो बारेमा हामीले सोच्ने कुराभन्दा अत्यन्तै भिन्न छ ।

एक क्षणको निम्ति न्यायकर्ता ६ अध्यायमा गिदोनलाई विचार गरौं । तिनी फँलाटको रूखमुनि मिद्यानीहरूबाट लुक्दै गहूँ चुट्न व्यस्त थिए । यो काम खुलमखुल्ला गर्न तिनमा साहसको कमी थियो र तिनले आफैंलाई



*The Angel appeared to Gideon*

लुकाइरहेका थिए । गिदोन को थिए भन्ने कुराको त्योचाहिँ वास्तविकता थियो । तापनि, जब परमप्रभुले गिदोनसँग जम्काभेट गर्नुभयो, उहाँले तिनलाई सम्बोधन गरेको कुरालाई अवलोकन गर्नुहोस्-

**गिदोनचाहिँ मिद्यानीहरूबाट लुकाउनलाई दाखको कोलमा गहूँ चुट्दैथिए । तब परमप्रभुका दूतले गिदोनकहाँ देखा परेर तिनलाई भने, तँ वीर मानिस होस् र परमप्रभु तँसँग हुनुहुन्छ ।**

जब परमप्रभुले गिदोनलाई वीर मानिस भनी सम्बोधन गर्नुभयो, गिदोनले आफैंलाई अलिक फरक प्रकारले लिए । न्यायकर्ता ६:१५ मा तिनले प्रतिक्रिया दिए, **हजूर, सुन्नुहोस्, म कसरी इस्राएललाई बचाउन सक्छु ? मेरो गोत्रलाई हेर्नुहोस्, त्यो त मनश्शेमा सबैभन्दा कमजोर छ र मेरा पिताको घरानामा म सबैभन्दा सानो छु ।**

गिदोनले आफैंलाई कमजोर र सबैभन्दा सानो भनेर देखे तापनि परमेश्वरले तिनलाई आफ्ना मानिसहरूलाई छुटकारा दिने र आफ्ना शत्रुहरूलाई पराजीत गर्न नियुक्त भएको वीर मानिसको रूपमा देख्नुहुन्छ ।

प्रायः हाम्रो आफ्नै विचारले हामीलाई प्रगति गर्न बाधा दिन्छ । हामीमाथि दिइएको वरदान, प्रतिभा र बोलावटलाई हामीले नजरअन्दाज गर्छौं, हाम्रो ईश्वरीय उद्देश्य पूरा गर्नमा असफलतातिर अग्रसर हुँदै ।

## दुई इस्राएलीहरूका साथमा दुई मिश्रीहरू

यसको विपरीत केही व्यक्तिहरूले अपरिपक्व रूपमा काम गर्छन्, परमेश्वरको समय पर्खनुभन्दा पनि आफ्नै योजनामा अघि बढ्छन् । मोशालाई विचार गर्नुहोस्: जब तिनले दुई मिश्रीहरू आपसमा झगडा गरिरहेका देखे, आफ्ना मानिसलाई तिनले छुटकारा दिन सक्छन् भनेर विश्वास गर्दै हस्तक्षेप गरे । तापनि, योचाहिँ परमेश्वरले इच्छा गर्नुभएको समय थिएन । तिनले दुई इस्राएलीहरू बीचमा भएको विवाद मिलाउन खोजे, अन्त्यमा त्यो विपत्ति बन्यो ।

## विचारको शक्ति

हाम्रा विचार असामान्य रूपमा शक्तिशाली छन्, यसले हाम्रा व्यवहार र भावनालाई महत्वपूर्ण रूपमा प्रभाव पार्छ । मनोवैज्ञानिकहरूले यस प्रभावलाई स्वीकार गर्छन्, त्यसकारण यसले कोग्निटिभ बिहेभियरल थेरापी (सीबीटि) मा महत्वपूर्ण भूमिका खेल्दछ । विचारले हाम्रो जीवनको महत्वपूर्ण पक्षलाई शासन गर्दछ, त्यसकारण बाइबलले हामीलाई आफ्नो मनको सुरक्षा गर्न सल्लाह दिन्छ । हाम्रो मनमा हामीले जे कुरालाई अनुमति दिन्छौं, महत्वपूर्ण रूपमा हामीले कसरी सोच्छौं भन्ने कुरामा प्रभाव पार्छ । एउटा गलत विचारले हाम्रो जीवनमो पूरै मार्गलाई बिगार्न सक्छ र परमेश्वरले हाम्रो निम्ति राख्नुभएको योजना र उद्देश्यबाट हामीलाई अल्मल्याउन सक्छ ।

## दाऊदको अन्तरदृष्टि:

दाऊद परमेश्वरलाई प्रसन्न पार्न चाहने मानिस थिए र उहाँलाई आफ्नो जीवनको केन्द्रमा राखेका थिए । शाऊलले दाऊदलाई निरन्तर खेदे पनि परमेश्वरले दाऊदलाई शाऊलको हातमा सुम्पनु भएन । त्यसको साटो तीन पटकभन्दा धेरै पटक परमेश्वरले शाऊललाई दाऊलको हातमा सुम्पनु भयो ।

..Contd to page 6

RESIDENTIAL BIBLE COURSE
NEHEMIAH BIBLE COLLEGE, Chennai.
ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE
REACHING NATIONS
Medium : Hindi
Recognised by International Christian Leaders & Senior Pastors for the past 55 years
Diploma in Theology
Rush for Admission!
Qualification : 10th Standard & above
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES
SINCE 1969

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

## प्रशंसा र प्रार्थनाको बुँदाः अक्टेवर १९ देखि नोभेम्वर १८ सम्म

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

### परमेश्वरलाई प्रशंसा गरौं...

अक्टोवर १९: अवरोधहरूको बाबजूद पनि परमेश्वरको राज्य निर्माण गर्न **बोलावटको प्रतिध्वनि सेवकाइहरूलाई** सक्षम बनाउनुभएको निम्ति ।

अक्टोवर २०: प्रधानाध्यापक, कर्मचारी र विद्यार्थीहरूका साथमा हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुललाई** आशिष् दिनुभएको निम्ति ।

अक्टोवर २१: समर्पित सहसम्पादकहरूका साथमा हाम्रो सेवकाइलाई आशिष् दिनुभएको निम्ति, जसले **बोलावटको प्रतिध्वनि पत्रिका** सेवकाइलाई सहायता गर्नुहुन्छ ।

अक्टोवर २२: हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलको** निम्ति नयाँ प्रधानाध्यापक नियुक्ति गर्नमा उहाँको आशिष्को निम्ति ।

अक्टोवर २३: हाम्रो छापाखानामा १६ वटा भाषाहरूमा हाम्रो पत्रिका छाप्न र प्रकाशन गर्न र त्यसलाई मिसनको क्षेत्रहरूमा वितरण गर्न हामीलाई सक्षम बनाउनुभएको निम्ति ।

अक्टोवर २४: हाम्रो **बोलावटको प्रतिध्वनि सेवकाइका** कर्मचारीहरू र उहाँका परिवारहरूलाई सुरक्षा दिनुभएको निम्ति ।

अक्टोवर २५: हाम्रो **बोलावटको प्रतिध्वनि यूट्यूब** मिडिया सेवकाइको ५ मिनेट सन्देशबाट आएका गवाहीहरूले हामीलाई आशिषित बनाएको निम्ति ।

अक्टोवर २६: हाम्रा समर्पित कर्मचारीबाट सहायता पाएको हाम्रो सुसमाचारीय छापाखानाको निरन्तर संचालनको निम्ति हामी धन्यवादी छौं ।

अक्टोवर २७: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरूका साथै उहाँका परिवारहरूप्रति परमप्रभुको कृतिको निम्ति हामी कृतज्ञता व्यक्त गर्दछौं ।

अक्टोवर २८: हाम्रो विविध सेवकाइहरूमा निरन्तर परमप्रभुको निर्देशनलाई हामी स्वीकार गर्दछौं ।

अक्टोवर २९: हाम्रो **बाइबल पत्राचार कोर्स र ईश्वरशास्त्रीय पत्राचार कोर्सको** वृद्धिमा हामी आनन्द गर्दछौं ।

अक्टोवर ३०: **नहेम्याह बाइबल कलेजको** सहज संचालन निश्चय गर्नमा परमप्रभुको कृपाको निम्ति हामी आभारी छौं ।

अक्टोवर ३१: हाम्रा मिसनरीहरू र उहाँका परिवारहरूमाथि खन्याउनुभएको आशिष्को निम्ति हामी परमप्रभुलाई धन्यवाद चढाउँछौं ।

नोभेम्वर १: विभिन्न सेवकाइहरूबाट सुसमाचार फैलाउने हाम्रो पास्टरको समर्पणता हामी स्वीकार गर्छौं ।

नोभेम्वर २: हाम्रो मुख्य मण्डलीमा पुरुढाको संगतिको निम्ति उहाँको आशिष्को खोजी गर्दछौं ।

नोभेम्वर ३: विगतको महिनाको हाम्रा सबै आर्थिक र आत्मिक आवश्यकता पूरा गर्नुभएको निम्ति हामी धन्यवादी छौं ।

### कृपया प्रार्थना गरौं...

नोभेम्वर ४: विश्वभरि पास्टरहरू र मिसनरीहरूका निम्ति ईश्वरीय सुरक्षाको निम्ति ।

नोभेम्वर ५: यूक्रेन र रूस बीच लडाइँको अन्त्य र एकता र शान्ति पुनर्स्थापनाको निम्ति ।

नोभेम्वर ६: सम्पूर्ण ख्रीष्टियान संस्थाहरू र मण्डलीहरूमाथि आशिष् र सुरक्षाको निम्ति ।

नोभेम्वर ७: सबै विश्वासीहरूको हृदयमा जागृतिको निम्ति ।

नोभेम्वर ८: हाम्री बहिनी जेसी बिना साम सेल्भाराजको निम्ति, जो फेरि बिरामी परेकी छिन् ।

नोभेम्वर ९: संसारभरि रहेका सम्पूर्ण आत्मिक अगुवाहरूका निम्ति ।

नोभेम्वर १०: हाम्रो सिनियर पास्टरको जीवनी लेख्नमा परमप्रभुको उदार निर्देशनको निम्ति ।

नोभेम्वर ११: हाम्रो मिसन क्षेत्रमा भएका कर्मचारीहरूका निम्ति ।

नोभेम्वर १२: हाम्रो **बोलावटको प्रतिध्वनि** सेवकाइमा परमेश्वरले समर्पित धेरै कर्मचारी दिनुभएको होस् ।

नोभेम्वर १३: कर्मचारीको तलब, छापाखानाका सामाग्रीहरू, हुलाक र हाम्रो सेवकाइसँग सम्बन्धित यातायातका साथै हाम्रो आर्थिक आवश्यकताको निम्ति ।

नोभेम्वर १४: गलत कार्य गर्नेहरू र लागुपदार्थ दुर्व्यसनीबाट पूर्ण छुटकाराको निम्ति ।

नोभेम्वर १५: यो पुस्ताका युवा र बालबालिकाको निम्ति प्रार्थन गर्न हाम्रो **ग्लोबल भिजन फर युथ एण्ड किड केयर सेवकाइको** लागि संलग्नता वृद्धिको निम्ति ।

नोभेम्वर १६: सम्पूर्ण धर्महरूका बीचमा एकताको निम्ति ।

नोभेम्वर १७: सुसमाचार नपुगेका क्षेत्रहरूमा सुसमाचार फैलावटमा हामीलाई सक्षम बनाउनको निम्ति ।

नोभेम्वर १८: हाम्रा नेताहरू, सरकारी अधिकारीहरू र कमर्चचारीहरूप्रति प्रभुको अनुग्रहमयी कृपाको निम्ति ।

पृष्ठ ४ बाट

तापनि, दाऊदले, उनी परमेश्वरका अभिषिक्त जन हुन् भनेर घोषणा गर्दै तिनलाई हानि गर्ने छनोट गरेनन् । शाऊलले आफ्नो ईश्वरीय नियुक्तिअनुसार काम नगरे पनि दाऊदले शाऊलमाथि भएको अभिषेकको आदर गरे ।

एक अवसरमा जब दाऊद किल्लाले भरिएको सहर कीलह गए, दाऊद बलियो पर्खालबाट भाग्न सक्दैन भनेर विश्वास गर्दै तिनलाई पक्रने सुनौलो अवसरको रूपमा शाऊलले यसलाई हेरे (१शमूएल २३) । तैपनि, परमेश्वरले दाऊदलाई बचाउनुभएको हामीले देख्छौं । फेरि, २६ अध्यायमा शाऊलले दाऊदलाई पक्रन लागेका थिए तर फेरि एक पटक परमेश्वरले दाऊदलाई भाग्न सहायता गर्नुभयो ।

अर्को अवसरमा, २६ अध्यायमा जब शाऊलले दाऊदलाई अत्यन्तै नजिकबाट खेदिरहेका थिए, दाऊदसँग शाऊललाई मार्ने अवसर थियो तर अभिषिक्त जनमाथि हात नहाल्ने भनेर छनोट गरी त्यहाँबाट निस्किए । यी परीक्षाहरूभरि नै परमेश्वर दाऊदको जीवनमा विश्वासयोग्य रहनुभयो । जति नै बलियो रूपमा शाऊलले दाऊदलाई मार्ने कोसिस गरे, परमेश्वरले निरन्तर तिनलाई बचाउनुभयो । १ शमूएल २३:१४ मा भनिएझैं, **...शाऊलले तिनलाई दिनदिनै खोज्दथे तर परमेश्वरले दाऊदलाई उनको हातमा सुम्पिदिनुभएन ।**

तापनि, हामी सबैको जीवनमा झैं दाऊदको जीवनमा पनि समय आयो, जब हामीले परमेश्वरलाई प्रेम गर्छौं, परमेश्वरमाथि भरोसा गर्छौं र उहाँले हाम्रो वास्ता गर्नुहुन्छ र हामीलाई प्रेम गर्नुहुन्छ भनेर थाहा गर्छौं, हामीले मागेको वा कल्पना गर्न सक्नेभन्दा धेरै उहाँले गर्न सक्नुहुन्छ । तापनि, शंका भित्र आउँछ, जसले हामीलाई नराम्रो निर्णयहरू गर्न अगुवाइ गरिरहन्छ ।

१ शमूएल २७ अध्यायले दाऊदको कमजोर अवस्थाहरूमध्ये एउटालाई देखाउँदै तिनको जीवनमा अचम्मको अध्याय इङ्गीत गर्दछ ।

अंग्रेजी बाइबलमा, त्यसपछि दाऊदले सोचे भन्ने वाक्यबाट सुरु भएको छ । अचानक आफू शाऊलको विरुद्धमा खडा हुन सक्दिन भनेर विश्वास गर्दै शाऊलले तिनीमाथि विजय गर्छन् भन्ने कुराले तिनी डराए । अन्त्यमा, आफ्ना मानिसहरूका साथमा आफ्नो सुरक्षा निश्चित गर्न तिनले केही कार्य गर्ने निर्णय गरे । दाऊदले पलिश्तीहरूका बीचमा शरण लिन छनोट गरे, परमप्रभुको हातमा पर्नुभन्दा शत्रुको हातमा पर्नु सुरक्षित हुन्छ भनेर तिनले गलत विचार लिए ।

यस अवधिमा दाऊदले सांसारिक सफलता प्राप्त गरेको हामीले देख्छौं । तिनी जहाँ गए पनि तिनी विजयी भए, तिनी सम्पत्ति, ख्याति, शक्ति र अधिकारले भरिए, तिनलाई आवश्यक भएका हरेक थोक तिनले पाए र तिनी विजयी भएका थिए ।

तापनि, प्राय: परमेश्वरबाट ईश्वरीय वरदानको रूपमा हामी सफलता र आशिष्मा अन्योलमा पर्छौं । शैतानले पनि हामीमाथि सम्पत्ति, ख्याति र समृद्धि दिन सक्छ । हाम्रो आशिष् परमेश्वरबाट वा शत्रुबाट आएको छ भनेर छुट्याउनु महत्वपूर्ण हुन्छ । आशिष्ले हामीलाई परमेश्वरबाट टाढा लैजान्छ भने- परमेश्वरसँग हाम्रो सम्बन्ध गहिरो बनाउने वा मण्डलीमा सहभागी हुनबाट रोक्ने काम वा शिक्षाजस्ता- हाम्रो प्राथमिकताहरू हामीले पुनर्मूल्यांकन गर्ने समय भएको छ । हामीले आनन्द गर्ने कुनै पनि कुरा परमेश्वरबाट साँचो रूपमा आएको छ भनेर हामीले प्रतिबिम्बित गर्नु पर्दछ ।

आफूले गरिरहेका कठोर हत्याबाट परमेश्वरलाई प्रसन्न पार्ने काम गरिरहेको र आफ्नो कार्यलाई प्रमाणित गरिरहेको छु भनेर विश्वास गर्दै दाऊद खुसी र सन्तुष्ट थिए । अचम्मको कुराचाहिँ, यो अवधिमा दाऊदले कुनै पनि भजन लेखेको हामीले देख्दैनौं । बिना कुनै हिचकिचाहट मार्ने मानसिकतालाई अनुमति दिने जग यही थियो भनेर म विश्वास गर्दछु । बाइबलले बताउँछ, **जब दाऊदले कुनै देश लूटपीट गर्थे, तब तिनले पुरुष वा स्त्री कसैलाई पनि जीवित राख्दैनथे । तिनले भेडाबाखा र गाई-गोरुका बथान, गधा र ऊँट र लुगाफाटाहरू पनि लगेर फेरि आकीशकहाँ फर्केर आउँथे** (१ शमूएल २७:९) ।

....Contd. to page 8

NEHEMIAH BIBLE
EVENING COLLEGE
Chepauk & Santhoshapuram, Chennai.
ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE
REACHING NATIONS
Medium :Tamil
Rush for Admission!
Recognised by International Christian Leaders & Senior Pastors for the past 55 years
Diploma in Theology
Qualification : 10th Standard & above
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, BELLS ROAD, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

## MAIN CHURCH PROGRAMMES

1. Prayer Service : 24 hours
2. **ECHO OF HIS CALL** - Monthly Magazines :English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikan.
3. **BIBLECOR -** Basic Bible Courses (English, Tamil & Hindi)
4. Theological Correspondence Courses: English & Tamil
5. Nehemiah Bible Colleges (Chepauk, Santhoshapuram & Velachery)
6. Great Commission Partners (Network of Pastors)
7. Training Programmes – Seminars & Retreats
8. Crusades
9. Literature Distribution and Follow Up
10. Gospel Printing Press - Publications
11. St. Paul's Matriculation School - Village English High School
12. Sunday Schools (Chepauk) : 10.30 a.m. Sunday & (Velachery, Balaji Nagar & Santhoshapuram) 3.00 p.m. Sunday
13. **Early Morning Service : 5.30 a.m. Sunday**
14. **Preliminy Service : 8.00 a.m. Sunday**
15. **Tamil Service : 8.30 a.m. Sunday**
16. **Youth Meeting : 11.00 a.m. Sunday**
17. **Fellowship Lunch : 1.00 p.m. Sunday**
18. **Hindi Service : 4.00 p.m. Sunday**
19. **Telugu Service : 5.00 p.m. Sunday**
20. **English & Hindi Service : 6.00 p.m. Sunday**
21. Feedback Time : 7.30 p.m. Sunday
22. Women's Prayer : 5.30 p.m. Wednesday
23. Men's Prayer : 7.00 p.m. Friday
24. Discipleship Meeting : 6.00 p.m. Saturday
25. House Meetings : 6.30 p.m. Tuesday & Thursday
26. Special Holy Communion : 6.00 a.m. 1st day of each month
27. Ministers' Meeting : 6.00 p.m. First Saturday
28. Parents' Prayer : 4.00 p.m. First Sunday
29. Night Prayer : 9.30 p.m. Third Friday
30. Fasting Prayer : 9:30 a.m. Second Saturday
31. Holy Communion : Second Sunday Services
32. Youth / Kid Prayer : 10.00 p.m. daily (over phone)
33. Staff Devotion : 9.00 a.m. daily
34. Office : 9.00 a.m. to 9.00 p.m. (except Sundays)

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स भारतमा भएकाहरुलाई मात्र

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ खीष्टियानहरू र गैह्रखीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं। तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ। तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ। **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन।** यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र खीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ।

**बिस्तृत जानकारीको लागिः**

**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, **Post Box 2957**
CHEPAUK, CHENNAI - 600 005.
**Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,**
**Cell : 98410 71852, 95661 31858**
**E.mail : biblecor@yahoo.co.in**

## WANTED
## PRINCIPAL
## for
**CHRISTIAN MATRICULATION SCHOOL at Chennai.**

We need well qualified, experienced, dedicated, hard working and mission oriented Christian.

Apply to :
E.mail: biblecor@yahoo.co.in
WhatsApp: (+91) 97908 05460

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ। कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/चेकहरू/मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्न हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

## (पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

## "जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।

### अचम्म तर सत्य !

### मानिसले रूप हेरेर विचार गर्छ तर परमप्रभुले हृदयभित्र हेरेर विचार गर्नुहुन्छ (१ शमूएल १६:७)।

एक पटक मेरो छोरा एलेक्स सामसन र मलाई विदेशी देशमा परमप्रभुको वचन बाँड्न निम्त्याइएको थियो। हामीलाई निम्त्याउनुहुने भाइले हाम्रा सबै यात्रा खर्चहरू व्यहोर्ने भनेर प्रतिज्ञा गर्नुभएको थियो। परमप्रभुले हामीलाई यो देशमा निर्देशित गर्नुभयो र सेवकाइ अत्यन्तै राम्रो भएको थियो। परमप्रभुले शक्तिशालीपूर्वक काम गर्नुभयो र उहाँको निम्ति धेरै आत्माहरूलाई छान्नुभयो।

जब सेवकाइका दिनहरू पूरा भए, हामीले जाने तयारी गर्न थाल्यौं। तापनि, हामीलाई निम्त्याउनुहुने भाइले हाम्रो यात्रा खर्चसम्बन्धी आफ्नो प्रतिज्ञा पूरा गर्न असमर्थ हुनुभएको थियो। यो अनपेक्षित मोडले हाम्रो अर्को यात्राको निम्ति आर्थिक चुनौतिको अवस्था सृजना गरेको थियो। तापनि, यो अवस्थाले हाम्रो शान्तिलाई खल्बल्याएको थिएन भन्ने कुराचाहिँ महत्वपूर्ण थियो। किनकि पवित्रशास्त्रले हामीलाई सम्झना दिलाएको थियो, **हामी जान्दछौं, ...उहाँलाई प्रेम गर्नेहरूका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ** (रोमी ८:२८)। यो पदले हामीलाई सान्त्वना दिलाएको थियो।

हामीले अर्को सहरको लागि हवाइजहाजको टिकट किने पनि हामीले आफैंलाई खानेकुराको निम्ति पैसा नभएको अवस्थामा पाएका थियौं। हामीले किनेको टिकट सस्तो थियो र त्यसकारण, एयरलाइनले बिना कुनै भुक्तानी पानी पनि प्रदान गर्दैनथ्यो। हवाइजहाज आफ्नो गन्तव्यमा पुग्दा हामीले भोक र प्यास सहेका थियौं।

अचम्मको कुराचाहिँ, न मेरो छोरा नता मैले यो विषयमा कसैप्रति कुनै तीतोपना बोकेका थियौं। प्रतिज्ञा गरिएको कुरा पूरा गर्न असफल भएको निम्ति हामीले यो भाइलाई कहिल्यै दोष दिएनौं। हामी दुवै यसको बारेमा चूप बस्यौं र हाम्रो हृदयमा हामीले चिन्ता लिएनौं। परमेश्वरलाई महिमा भएको होस् !

अर्को सहरमा पुगेपछि, हामीलाई परमेश्वरका सन्तानले न्यानो स्वागत गर्नुभयो, जसले हामीलाई अत्यत्नै राम्रो स्थानमा आराम गर्न लैजानुभयो र वास्ता गर्नुभयो।

अर्को दिन भाइले हामीलाई भेट गर्नुभयो। उहाँले हामीसँग केही समय बिताउनुभयो र मलाई एउटा खाम दिनुभयो। उहाँले भन्नुभयो, **पास्टर, तपाईंको आकस्मिक खर्चको निम्ति तपाईंलाई यो दिन परमेश्वरले मलाई निर्देशित गर्नुभएको हो।** त्यस खामभित्र हाम्रो यात्रा खर्चभन्दा बढी रकम थियो। त्यसलाई देखेर हामी अत्यन्तै आनन्दित भयौं। त्यो भाइ र उहाँको मण्डली हामी अत्यन्तै राम्रो मित्र बनेका थियौं। कस्ता अचम्म ! हामीलाई केही कुराको अभाव भएन। सोही समयदेखि परमेश्वरले हामीलाई यही तरिकामा डोऱ्याइरहनुभएको छ।

प्रिय पाठकहरू, के तपाईं पनि यही परमप्रभुको सेवा गर्न छनोट गर्नुहुन्छ ? **जवान सिंहहरू कमजोर होलान् र तिनीहरू भोकाउँछन् तर परमप्रभुको खोजी गर्नेहरूलाई कुनै उत्तम कुराको अभाव हुँदैन** (भजनसंग्रह ३४:१०)। **परमप्रभुलाई पारख गरेर हेर कि उहाँ कति भला हुनुहुन्छ। उहाँमा शरण लिने मानिस धन्यको हो** (भजनसंग्रह ३४:८)।

---

पृष्ठ ७ बाट

आफ्नो मृत्युको आदेश बेतसेबाको पति उरियाको हातमा दिएर उसको मृत्युको योजना बनाउन सजिलो बनाउँदै यही व्यवहारले तिनलाई कठोर हत्यारामा रूपान्तरण गरेको थियो। दाऊदले आफ्नो कार्यको निम्ति कुनै शोक देखाएनन् किनकि यो मानसिकताको बिऊ पलिश्तीको क्षेत्रमा तिनी बसोबास गर्ने समयमा नै राखिएको थियो, जुन परमेश्वरको इच्छा र उपस्थितिबाट टाढा थियो।

इस्राएलीहरू र शाऊलको विरुद्धमा लडाइँ गर्न पनि तिनी गएका थिए। २८ अध्यायमा पलिश्ती सेनाको सेनापतिले यस्तो भनेको हामीले देख्छौं, त्यस मानिसलाई तपाईंले दिनुभएको ठाउँमा पठाइदिनुहोस्। त्यसले हाम्रो साथ दिएर लडाइँ नगरोस्, नत्रता लडाइँमा त्यसले हामीलाई विश्वासघात गर्ला। अन्त्यमा तिनीहरूले दाऊदलाई रोके।

एक पटक कोही परमेश्वरबाट टाढा हुने ओरालोबाट झर्न सुरु हुन्छ, त्यो अत्याधिक टाढा जान्छ। दाऊद पनि तीव्र रूपमा झरिरहेका थिए।

तिनको कार्यको परिणाम ठूलो थियो:

जब तिनी फर्के, तिनले कमाएका हरेक थोक गुमेको थियो भनेर थाहा पाउँदा उनी निरास भए।

१ शमूएल ३०:१-२: **तेस्रो दिनमा दाऊद र तिनका मानिस सिक्लगमा पुगे। त्यस बेला अमालेकीहरूले नेगेव र सिक्लग लूटपीट गरेका थिए। सिक्लगमा आक्रमण गरेर उनीहरूले त्यसलाई आगो लगाइदिएका थिए।**

**उनीहरूले स्त्रीहरू र त्यसमा भएका साना-ठूला सबैलाई नमारीकनै लगेका थिए। उनीहरूले यिनीहरूलाई अगिअगि लाउँदैगएका थिए।**

दाऊदले आफ्ना पत्नीहरू र आफ्ना मानिसहरूको स्थिर वफादारीताको साथमा हरेक थोक गुमाएका थिए, जसले तिनलाई हरेक थोकमा सहायता गरेका थिए र तिनका सबै लडाइँ लडेका थिए ।

१ शमूएल ३०:६ मा बताइएको छः **दाऊद निरास भएका थिए किनभने मानिसहरूले तिनलाई ढुङ्गाले हान्ने धम्की दिन थाले ।**

दाऊदले आफू पूर्णरूपमा अलग भएको महसुस गरे, हरेक जना तिनको विरुद्धमा भएको देखिएको थियो । तिनले आफ्नो परिवार, आफ्नो पेशा, आफ्नो बचत र आफ्नो ख्याति गुमाएका थिए- सबै एकै रातमा गुमेको थियो । तिनका आफ्नै मानिसहरूले तिनीमाथि आक्रमण गर्ने चाहना गरिरहेका थिए र तिनलाई मार्न चाहेका थिए । कसैले पनि तिनको अघि हृदय खोलेका थिएनन्, कसैले पनि तिनको समस्या वा भावनाको बारेमा सोधेका थिएनन् ।

अगुवाको रूपमा प्रायः एक्लो हुने भावना आउन सक्छ । जब अवस्था उपयुक्त हुन्छ, अगुवाहरूले प्रशंसा प्राप्त गर्छन्, तापनि जब अवस्था विपरीत हुन्छ, प्रायः तिनीहरूले आफ्नो भित्री भावना अभिव्यक्त गर्नको निम्ति कोही पनि हुँदैन । अरूजस्तै, दाऊदले हरेक थोक गुमाए, तापनि आफ्नो तनाव पोख्ने वा आफ्नो चिन्ता पोखाउने कुनै स्थान तिनीसँग थिएन । तिनको मानसिक अवस्था के तपाईंले कल्पना गर्न सक्नुहुन्छ ?

कहिलेकाहीँ परमेश्वरबाट अलग हुनु राम्रो हुन्छ भनेर हामीले विश्वास गर्छौं । तापनि, परमेश्वरले प्रायः हामीलाई लामो डोरी दिनुहुन्छ किनभने हाम्रो निम्ति उहाँको प्रेम ठूलो र नाप्न नसकिने छ । यसले हाम्रा पाप र अनाज्ञाकारीतालाई पार गर्दछ । त्यसकारण, उहाँले स्वर्गमा भएका हरेक थोकलाई छोड्नुभयो र साधारण मानिसको चोला लिनुभयो- हामीलाई अनन्त जीवन प्रदान गर्न ।

**परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन । तर आफैंलाई रित्याईकन कमाराको रूप धारण गरेर तथा मनुष्य भएर जन्मनुभयो । स्वरूपमा मानिसजस्तै भएर आफैंलाई होच्याउनुभयो र मृत्युसम्मै अर्थात् क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो** (फिलिप्पी २:६-८) ।

जीवन ल्याउन उहाँ क्रूसमा मर्नुभयो र हाम्रो जीवनमा उद्देश्य प्रदान गर्दै हाम्रो अस्तित्वलाई अर्थ दिनुभयो । उहाँ हामीलाई इनाम दिन फर्केर आउनुहुन्छ र हामीले उहाँलाई प्रेम गरेको र उहाँसँग घनिष्ट हिँडाइमा संलग्न भएको मात्रै उहाँले चाहनुहुन्छ ।

दाऊदले परमप्रभुमा आफ्नो शक्ति प्राप्त गरे !

दाऊद अत्यन्तै निरास भएका थिए भनेर बाइबलले बताउँछ । तापनि, तिनले आफैंलाई परमप्रभुमा बलियो बनाए भने पनि भन्दछ । वाह ! अन्त्यमा, तिनी परमप्रभुबाट कति टाढा गएका थिए भनेर तिनले महसुस गरे । शक्तिमा नवीकरण हुन तिनी परमप्रभुतिर फर्के । आफ्नो आशाहीन अवस्थामा आफूलाई सहायता गर्न सक्ने, शक्तिको आफना् एउटै स्रोत परमेश्वर हुनुहुन्छ भनेर दाऊदले पत्ता लगाए । आफ्नो जीवनको सबैभन्दा कष्टको समयमा पनि सदैव उपलब्ध हुनुभएको सहायता उहाँ हुनुहुन्छ भनेर तिनले बुझे । अब के गर्ने भनेर परमेशवरलाई सोध्दै र निर्देशनको लागि उहाँको मुहारको खोजी गर्दै, सर्वशक्तिमानमा आफ्नो निर्भरता प्रदर्शन गर्दै परमप्रभुको उपस्थितिको खोजी दाऊदले गरे ।

परमेश्वरले हामीमध्ये केहीलाई शक्ति, उत्साह, क्षमा र पुनर्स्थापनाको निम्ति उहाँकहाँ जान अहिले नै बोलाइरहनुभएको छ- त्यो स्थानमा फर्कनु, जहाँ हाम्रो अर्थ छ । परमेश्वरको हातमा पर्न दाऊदले हिचकिचाएनन् र त्यही गर्न हामी पनि नहिचकिचाऔं ।

जब दाऊद परमेश्वरतिर फर्के (१ शमूएल ३०:१८), **दाऊदले हरेक थोक प्राप्त गरे** भनेर बाइबलले हामीलाई बताउँछ । तिनले गुमाएका हरेक थोक तिनले प्राप्त गरे- परिवार, पैसा, ख्याति, पद, साथीहरू, सम्पत्ति र धन । कल्पना गर्नुहोस्: दाऊदले आफू मात्रै होइन तर आफ्ना सबै मानिसहरूलाई फिर्ता पाए । जब हामी परमेश्वरमाथि भरोसा गर्छौं, केही पनि नहुने अवस्थाबाट उहाँले मार्ग प्रदान गर्नुहुनेछ । उहाँले अलौकिक ढोकाहरू खोल्न सक्नुहुन्छ ।

हुन सक्छ, तपाईंले आफैंलाई दाऊदको अवस्थामा देख्नुहुन्छ, तपाईंले हरेक थोक गुमाउनुभएको महसुस र के यहाँबाट निस्कने मार्ग छ ? म यस कुरामा एक्लो छु भनेर सोच्दै पुनर्स्थापना सम्भव छ र भनेर अचम्म मान्दै हुनुहुन्छ ।

प्रिय दाजुभाइ तथा दिदीबहिनी, याद राख्नुहोस्, हामी एक्लो छैनौं, केवल पितातिर दौडनुहोस् र उहाँले हाम्रो भलाइको निम्ति हरेक थोक योजना गर्नुहुनेछ ।

प्रिय मित्रहरू, दाऊदको जीवनमा भयानक पतन तिनको विचारबाट सुरुवात भएको थियो, त्यसैले हामीले के सोच्छौं भन्ने कुरामा हामी सावधान होऔं । सोही समयमा, याद राख्नुहोस् कि हाम्रो परमेश्वर कृपालु पिता हुनुहुन्छ, आफ्नो अंगालो फैलाएर तपाईं र म उहाँतिर फर्कन पर्खंदै ।

के तपाईं उहाँतिर दौडनुहुनेछ ?

## कृपया ध्यान दिनुहोस् !

### पास्टर एस. साम सेल्भाराजको जीवनी !

पास्टर एस. साम सेल्भाराजको जीवनी पुस्तकको ढाँचामा प्रकाशन गर्न हामी अन्तिम चरणमा छौं । उहाँको सेवकाइबाट परमेश्वरले तपाईंको आत्मिक वृद्धिमा कसरी प्रभाव पार्नुभयो भनेर करिब दश वाक्यमा लेखेर तपाईंका गवाहीहरू पठाइदिनुहुन हामी अनुरोध गर्दछौं । यसका अतिरिक्त, जीवनीमा समावेश गर्नको लागि तपाईंले फोटो उपलब्ध गर्न सक्नुहुन्छ भने हामी त्यसको कदर गर्दछौं ।

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/24-26 WPP NO. TN/PMG(CCR)/WPP-220/24-26

## Echo of His Call

**YouTube**
*Please subscribe*

Kindly view and subscribe our **Echo of His Call YouTube Channel** when you get time. Thanks.
**- Editor**

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

### *2. Bank : ICICI Bank*

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**
*****
**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

Annual Subscription : Rs. 100/- Life Subscription : Rs. 2000/-

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/24-26**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/24-26**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**

**on 16th OCTOBER 2024**

**If un-delivered please return to:**
**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

***JESUS LOVES YOU!***

**To**

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**